# जेन-जी विद्रोहको दस्तावेज


नेपाल जेन-जी फ्रन्ट

नेपाल



२०८२

# प्रस्तावना

हामी सन् १९९७ देखि २०१२ सम्म जन्मिएका नेपाली युवा, जुन पुस्तालाई संसारले "जेन-जी" भनेर चिन्छ;

लोकतन्त्र, न्याय तथा संविधानवादप्रतिको अटल र अविचल अठोट बोकेर, राजनीतिक सत्ता र सामाजिक संरचनामा दशकौंदेखि संस्थागत रूपमा रहेको बेथिति, भ्रष्टाचार, नातावाद, कृपावाद, दमन र असमानताको अन्त्य गर्न दृढ सङ्कल्पित भई, पुस्तान्तरण सहितको रुपान्तरणकारी युवा नेतृत्वको मर्ममा अडिग रही, शासन संस्कारको पुनर्निर्माणको आवश्यकतालाई स्वीकार गर्दै;

नागरिक सर्वोच्चता, अभिव्यक्ति स्वतन्त्रता र पारदर्शी एवम् जवाफदेही शासन व्यवस्थालाई जेन-जी विद्रोहको मूल आधार मानेर, भाद्र २३-२४ गतेको जेन-जी विद्रोहका शहीद तथा घाइतेहरूका साथै इतिहासका सम्पूर्ण शहीद, बेपत्ता, घाइते र पीडितहरूको त्याग र बलिदानलाई सम्मान तथा स्मरण गर्दै र त्यस बलिदानलाई राजनीतिक विरासतमा रूपान्तरण गर्ने उत्तरदायित्व ग्रहण गर्दै;

समावेशी तथा समानुपातिक प्रतिनिधित्वका सिद्धान्तमार्फत जातीय, भाषिक, धार्मिक, क्षेत्रीय र लैङ्गिक लगायत सबै किसिमका विभेद र सिमान्तीकरणको उन्मूलन गर्न प्रतिबद्ध रहँदै, भ्रष्ट एवम् दमनकारी संरचनाहरूको विघटन गरी न्यायोचित, पारदर्शी र उत्तरदायी शासनको स्थापना गर्ने लक्ष्य लिएर सबै सरकारी सार्वजनिक पदाधिकारीहरूको जवाफदेहितालाई सुनिश्चित गराउने सामाजिक व्यवस्था निर्माण गर्ने घोषणासहित, नागरिकबाट व्युत्पन्न राज्यको अधिकारबाट सञ्चालित राजनीतिक सत्ता कुनै व्यक्ति, समूह वा सङ्गठनको निजी सम्पत्ति नभएको स्पष्ट पार्दै;

यस जेन-जी विद्रोहले भ्रष्टाचार र कुशासनमाथि प्रश्न सँगसँगै शासन संस्कारमा संस्थागत रूपान्तरणको प्रस्ताव सहित सुव्यवस्थित वैधानिक मार्गद्वारा नयाँ राजनीतिक संस्कार निर्माण गर्ने व्यवहारिक कदमहरू अघि सार्दै, कुनै व्यक्तिवादी उग्रवादका अनुयायी नबनी, समकालीन राजनीतिक चेतना र ऐतिहासिक उत्तरदायित्व बीचको सम्बन्धलाई पुनर्स्थापित गर्दै;

लोकतन्त्र, गणतन्त्र र नागरिक अधिकारको सर्वोच्चतामा आधारित रही घोषणा गर्दछौं कि जेन-जी विद्रोह एक सैद्धान्तिक, वैचारिक र राजनीतिक आन्दोलन हो, जसले नेपालको शासन, नीति र सामाजिक संरचनालाई नयाँ परिभाषा दिनेछ ।

# भाग १ः पृष्ठभूमि

नेपाल अहिले एउटा जटिल र संवेदनशील यथार्थको चौबाटोमा उभिएको छ । सात दशक लामो राजनीतिक सङक्रमण, परिवर्तन र प्रयोगहरूको परिणामस्वरूप हामी आज एउटा यस्तो अवस्थामा पुगेका छौं, जहाँ शासनको मूल आत्मा हराइसकेको छ । प्रजातन्त्र र लोकतन्त्रका नाममा सम्पन्न हरेक आन्दोलन, परिवर्तन र संविधानिक अभ्यासले हामीलाई सैद्धान्तिक स्वतन्त्रता त दियो, तर संस्थागत न्याय र समानताको व्यवहारिक ढोका अझै बन्द छ ।

शासन शक्ति अहिले पनि दलगत वंशजहरूको सानो दायराभित्र केन्द्रित छ । नातावाद र कृपावाद व्याप्त छ । त्यस दायराले देशलाई निरन्तर अस्थिरता र अविश्वासको दुष्चक्रमा बाँधेको छ । शासन शक्तिको वरपर रहनेहरुले सदैव यसको अनुचित फाइदा लिइरहँदा देशको भविष्यका वाहक युवाहरू त्यस संरचनाबाट प्रणालीगत रूपमै अलग पारिएका छन् । उनीहरूलाई देशभक्तिको भाषण त दिइन्छ, तर अवसरको ढोका बन्द गरिन्छ । यही असमानताको वातावरणले लाखौं युवालाई आफ्नै श्रम, क्षमता र स्वप्न विदेशमा बेच्न बाध्य बनाएको छ ।

यसै पृष्ठभूमिमा वि.सं. २०८२ साल भाद्र १९ मा नेपाल सरकारले सामाजिक सञ्जालमा आम नागरिकको बढ्दो असन्तुष्टि र प्रश्नहरूलाई निष्तेज तुल्याउने नियतले सामाजिक सञ्जाल एवम् सूचना तथा सञ्चारका माध्यममाथि प्रतिबन्धले लगाई नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि प्रत्यक्ष आक्रमण गरेपछि जेन-जी युवा पुस्ताको विद्रोहका लागि निर्णायक आधार तयार भएको हो । प्रजातन्त्र स्थापनाको ७ दशक पूरा भइसक्दा पनि सत्ताको चरित्र अझै नातावाद, कृपावाद सहितको जहाँनिया, निरङ्कुश, तानाशाही र अधिनायकवादी चरित्रमा अडिएको र त्यस किसिमको शासनमा जनताका आवाज सुनिने होइन, नियन्त्रण गरिने वस्तु ठानिन्छन् भन्ने तथ्य सोही भाद्र १९ को प्रतिबन्धले स्पष्ट पारेको छ ।

यही अन्याय र अपमानको अनुभूति नै जेन-जी विद्रोहको उद्गम बनेको हो । यो युवा पुस्ताको सामूहिक जागरण हो, जसले भन्न थालेको छ - अब अत्ति भयो !

## भाग २: जेन-जी विद्रोहको परिचय

जेन-जी विद्रोह यो युगको अपरिहार्य उत्पत्ति हो । यो कुनै दल, समिति, समूह, संस्था वा सङ्गठनले तयार पारेको योजना होइन । असन्तुष्ट पुस्ताको सामूहिक चेतनाबाट जन्मिएको राजनीतिक विस्फोट हो । दशकौँदेखि चल्दै आएको पात्र मात्र फेरिने तर कथा उही रहने राजनीतिक नाटकको अन्त्य भएको उद्घोष हो यो जेन-जी विद्रोह । यो विद्रोह कुनै एउटा तात्कालिक घटनाको प्रतिक्रिया मात्र होइन । वर्षौंको मौन पीडाको परिणति हो । राज्यले नागरिकको रक्षा गर्नुपर्ने थियो । तर स्वयम् नागरिकमाथि शोषकको भूमिका निभाउन थालेको धेरै भइसक्यो । राज्यका नाममा राजनीतिक सत्ताका संरचनाहरू कुनै एक वर्गको स्वार्थमा सीमित बने । जनताको कर, जनताको पसिना, जनताको बलिदान सबै राजनीतिक सत्ताको मञ्च सजाउनका लागि प्रयोग गरिए ।

यसै अवस्थाको चरम बिन्दुमा नयाँ पुस्ताले प्रश्न गऱ्योः हामीले तिरेको करको मूल्य कहाँ छ ? यो प्रश्न केवल आर्थिक नभई अस्तित्वको प्रश्न थियो । युवापुस्ताको अस्तित्व । नेपाली जनताको अस्तित्व । समग्रमा यो देशमा लोकतन्त्रकै अस्तित्व । यो लडाइँ राजनीतिको नाममा पुस्तौँदेखि दोहोरिएको दमन र शोषणविरुद्धको हो । जब देशमा कुर्सी र सत्ता नै राजनीति बनेर जनताको जीवन र आशालाई विस्थापित गरिरहेको थियो, त्यतिबेला नयाँ पुस्ता मौन बस्न सकेन । यस पुस्ताले आफूलाई वैश्विक नागरिकको  रूपमा देख्छ । डिजिटल दुनियामा सशक्त, सूचना र चेतनामा सजग । यही पुस्ताले पहिलोपटक आफ्नै भाषामा प्रतिरोध गरेको हो । सडकमा मात्र होइन, सामाजिक सञ्जालमा पनि । एक्स, टिकटक, डिसकर्ड, रेडिट, इन्स्टाग्राम र फेसबुक जेन-जी विद्रोहका आधुनिक चौताराहरू बने, जहाँ नागरिकले सत्ताको प्रतिबन्ध तोड्दै अभोव्यक्ति स्वतन्त्रताको स्वर गुञ्जाए ।

यो विद्रोह आजका दिनसम्म कुनै एउटा झण्डा बोकेर होइन, सुसंस्कृत मूल्य बोकेर अघि बढेको छ । यस विद्रोहको मेरुदण्ड नै हामीले बोकेका मूल्य हुन् - न्याय, समानता, पारदर्शिता, विनम्रता, जवाफदेहीता र अभिव्यक्ति स्वतन्त्रता । हामी नेताको अनुहार होइन, सिद्धान्तको दिशा खोज्छौं । यिनै मूल्य र सिद्धान्त लिएर सडकमा उत्रिएको युवा पुस्ताको प्रश्नलाई जब सत्ताले जवाफ होइन गोलीले उत्तर दियो, त्यो क्षण यो आन्दोलन एउटा प्रदर्शनबाट जेन-जी विद्रोहमा रूपान्तरित भयो । राज्यले निहत्था बालबालिका र युवा प्रदर्शनकारीमाथि साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर आवाज दबाउने प्रयास गऱ्यो । तर नागरिक चेतनाको आगो दमनले निभेन ।

अब यो विद्रोह केवल तात्कालिक सरकारविरुद्धको रहेन, समग्र राजनीतिक कुसंस्कार विरुद्धको विद्रोह भइसक्यो । राजनीतिक सत्ता मात्रै होइन, शासन र प्रणाली परिवर्तन यस विद्रोहको लक्ष्य बनिसक्यो । यो विद्रोह गर्ने युवा पुस्ता अब राजनीतिक दर्शक होइन, सक्रिय सहभागी हो । इतिहास पढ्ने र हेर्ने मात्रै होइन, लेख्ने पुस्ता हो । जेन-जी विद्रोह त्यस पुस्ताको घोषणा हो, जसले लोकतन्त्रलाई पुनः

जनताको हातमा फर्काउने शपथ लिएको छ । यो कुनै क्षणिक भावनाको विस्फोट होइन । सिङ्गो युगको रूपान्तरणको आरम्भ हो । आज हामी केवल जेन-जी विद्रोही होइनौं, नयाँ युगका उत्तरदायी शिल्पी हौं । चेतनाको नयाँ दिशाका अग्रदूत हौं । परिवर्तनका जिम्मेवार वाहक हौं ।

## भाग ३: <u>जेन-जी विद्रोहको अभिभारा</u>

जेन-जी विद्रोहले नयाँ राजनीतिक संस्कार, जवाफदेहीता र नागरिक-सर्वोच्चताको दिगो दायित्व बोकेको छ । ती दायित्व नै यस जेन-जी विद्रोहका अभिभारा हुन् । तिनैले हाम्रो सिद्धान्त, रणनीति र व्यवहारलाई निर्देश गर्ने छन् । हामी निम्न अभिभाराहरू अङ्गीकार गर्दछौंः

### १. <u>शहीद र घाइतेको त्याग र बलिदानलाई सम्मान तथा स्मरण</u>

यस जेन-जी विद्रोहका शहीद र घाइतेहरूको त्याग र बलिदानलाई दीर्घकालीन न्यायमा रूपान्तरण गर्न हामी अनवरत लाग्नेछौं । शहीद परिवारहरू, घाइते र पीडितहरूप्रति तत्कालिक, दीर्घकालीन र जवाफदेही आर्थिक, सामाजिक, चिकित्सकीय तथा मानवीय सहयोग सुनिश्चित गराउने हाम्रो अनिवार्य दायित्व हो ।

### २. <u>भाद्र २३-२४ गतेका घटनाको स्वतन्त्र न्यायिक जाँचबुझ र कारबाही</u>

जेन-जी विद्रोहका क्रममा राज्यका तर्फबाट निहत्था प्रदर्शनकारीमाथि बर्बर दमन गरी हत्या, अङ्गभङ्ग र कुटपिटमा संलग्न तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू र प्रदर्शनस्थलमा प्रत्यक्ष दमनमा संलग्न सुरक्षाकर्मी वा जो कोहीमाथि निष्पक्ष र स्वतन्त्र न्यायिक छानबिन तथा अनुसन्धान गरी दोषीलाई कानून बमोजिमको कारबाही गराउने हामी सबैको दायित्व हो । यसका लागि आयोग समेत गठन भई काम सुरु भइसकेको छ । भाद्र २३-२४ मा राज्यका तर्फबाट वा प्रदर्शनकारीका तर्फबाट भएका अन्य आपराधिक गतिविधिका सम्बन्धमा समेत सोही न्यायिक जाँचबुझ आयोगले छानबिन र कारबाही सिफारिस गर्नेछ ।

### ३. <u>संस्थागत भ्रष्टाचार र अवैध सम्पत्तिमाथि निर्णायक हस्तक्षेप</u>

यस जेन-जी विद्रोह संस्थागत भ्रष्टाचारका विरुद्धमा सुरु भएको थियो । त्यसैले संस्थागत भ्रष्टाचार सम्बन्धी उच्चस्तरीय स्वतन्त्र न्यायिक छानबिन संयन्त्रको अविलम्ब स्थापना गर्नु जेन-जी विद्रोहको प्रमुख अभिभारामध्येको एक हो । हालसम्मका भ्रष्टाचार छानबिन, अनुसन्धान र अभियोजन गर्न स्थापना गरिएका जुनसुकै निकायहरू कुनै न कुनै हिसाबले दलीय भागबन्डामा आधारित नियुक्तिले भरिएका छन् । यसकारण त्यस्ता निकायमाथि विश्वास गर्न सकिने आधार हामीसँग छैन ।

अब बन्ने नयाँ संयन्त्रले चाहे जस्तोसुकै शक्तिशाली व्यक्तिमाथि पनि अनुसन्धान गरेर दोषी प्रमाणित भएको अवस्थामा कानूनबमोजिम कारबाही गर्न/गराउन बाध्यकारी सिफारिस गर्न सक्ने स्वतन्त्रता सुनिश्चित गरिनुपर्दछ । साथै राजनीतिक नेता एवम् उच्च पदस्थ कर्मचारीको जीवनशैली र आयस्रोतमाथि सार्वजनिक वृत्तमा निरन्तर प्रश्न उठिरहेको तर पर्याप्त छानबिन, कारबाही नभएको सम्बन्धमा सार्वजनिक एवम् सरकारी

पदमा नियुक्त, निर्वाचित वा मनोनित भएकाहरू सबैको सम्पत्ति समेत छानबिन गरी कारबाही सिफारिस गर्न समेत यस आयोगको क्षेत्राधिकारभित्र हुनुपर्दछ ।

## ४. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रताको रक्षा

जेन-जी केवल जन्मवर्षको नाम होइन । विचार, प्रविधि र जीवनशैलीका नयाँ धारकको परिचय हो । इन्टरनेट र डिजिटल माध्यम यो पुस्ताको सार्वजनिक मञ्च हो । यसमा अभिव्यक्ति, सूचना प्रवाह र संवादमा कुनै किसिमको अनुचित रोकथाम, ब्लकिङ वा पूर्वाग्रहीत सेन्सरसिप स्वीकार्य छैन ।

अभिव्यक्ति स्वतन्त्रता केवल शब्दको हक नभई राजनीतिक चेत, सूचना पहुँच र स्वतन्त्र चिन्तनको आधार समेत हो । पुरानो सत्ता यस तथ्यलाई बुझ्न असफल भएकोले यो विद्रोह जन्मियो । यसै कारण हामी डिजिटल अधिकार र सूचना स्वतन्त्रताको पूर्ण रक्षा गर्नेछौं । राज्य र सत्ता संरचनालाई नागरिक चेतना दबाउन नदिने हाम्रो दायित्व हुनेछ ।

## ५. संस्थागत सुधार र शासन संस्कारको पुनर्निर्माण

भ्रष्ट, केन्द्रिकृत र पितृसत्तात्मक शासन संस्कारले देशको भविष्य खोसेको छ । यसैले न्यायालय, सुरक्षा बल, प्रशासन र निर्वाचन संयन्त्र लगायत सार्वजनिक सेवाका सम्पूर्ण संरचनामा पारदर्शिता र जवाफदेहीता आवश्यक छ । सुरक्षाकर्मीको प्रशिक्षण, नियन्त्रण र जवाफदेहिता सुधार गरेर नागरिक अधिकारको रक्षा अबको प्राथमिकता हुनुपर्नेछ । दीर्घकालीन राजनीतिक संस्कार परिवर्तनका लागि संवैधानिक र कानूनी सुधारको कार्यान्वयन अघि बढाउनुपर्नेछ । अब सत्ताले शासक नभई सेवकको रुपमा सार्वजनिक सेवा मार्फत् शासन गर्ने सेवक लोकतन्त्रको जग बसाउन आवश्यक छ ।

## ६. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयमुक्त निर्वाचनको सुनिश्चितता

कुनै पनि लोकतान्त्रिक राज्यमा राजनीतिको वैधानिकता निर्वाचनमा निहित छ । जेन-जी विद्रोहपश्चात बनेको अन्तरिम नागरिक सरकारको सफलताको परीक्षा समेत निर्वाचनले नै दिनेछ । त्यसैले यही २०८२ साल फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचन पूर्णरुपमा स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्नेछ ।

मतदानको स्वतन्त्रता र सुरक्षा खण्डित गर्ने कुनै पनि प्रयासलाई हामी अस्वीकार गर्नेछौं । अन्तरिम नागरिक सरकार, राजनीतिक दल र सुरक्षासंयन्त्रले मतदान केन्द्रसम्म निर्बाध पहुँच र मताधिकारको सुरक्षा गर्ने कर्तव्य निर्वाह गर्नुपर्नेछ । निर्वाचन साध्य होइन, साधन हो । यसको माध्यमबाट लोकतान्त्रिक अधिकारको प्रत्यक्ष जगेर्ना र रक्षामा हामी कटिबद्ध छौं ।

७. <u>निरन्तर जवाफदेहीता - विद्रोह आफैं पनि उत्तरदायी रहनेछ</u>

यो विद्रोह जुन मूल्य र मान्यतामा अडिग रहेको छ, सार्वजनिक रूपमा आवाज उठाएको छ र उद्घोष गरेका छ, ती मूल्य स्वयम् विद्रोहभित्र पनि कठोर रूपमा लागु हुनेछन् । नेतृत्व, निर्णयप्रक्रिया र आर्थिक व्यवस्थापन पूर्ण पारदर्शी रहनेछ । भ्रष्टाचार, अवसरवाद वा अनुचित शक्ति प्रयोग गर्ने कुनै पनि सदस्य वा समूहलाई यस विद्रोहले स्वतः अस्वीकार गर्नेछ र कानून अनुरुपको कारवाही प्रक्रियामा साथ दिनेछ । यस विद्रोहले सरकारी वा निजी पुँजीसँगको तालमेल पारदर्शी र वैध ढाँचामा मात्र स्वीकार गर्नेछ र कुनै पनि गोप्य स्वार्थ वा शक्तिसँग स्वार्थको द्वन्द्व हुने किसिमले काम गर्ने छैन ।

विद्रोहले आफू माथि पनि कटाक्ष र सुधारको संस्कार कायम राख्नेछ । यदि नेतृत्व वा संरचनाले जनविश्वास गुमायो भने यस विद्रोहले आफैंलाई परिमार्जन गर्ने जिम्मेवारी बहन गर्नेछ ।

## भाग ४: तत्कालीन उपलब्धि

जेन-जी विद्रोह चेतनाको स्थायी उदय हो जसले देशको राजनीतिक र सामाजिक नक्सामा गहिरो प्रभाव पारिसकेको छ । भाद्र २३-२४ को विद्रोहपछि छोटो समयमै जनसहभागिता, राजनीतिक उत्तरदायित्व र नागरिक चेतनाको स्तरमा देखिएको रूपान्तरण नै यस आन्दोलनको पहिलो उपलब्धि हो ।

पहिलो, **सत्ताको चरित्र परिवर्तनको आरम्भः** जनताको असन्तोष र युवाको सामूहिक प्रतिरोधले तत्कालीन प्रधानमन्त्री र सरकारलाई पदत्याग गर्न बाध्य पार्‍यो । यो घटना नेपालमा नागरिकको प्रत्यक्ष दबाबद्वारा सत्ताको रूपान्तरण सम्भव भएको ऐतिहासिक क्षण बन्यो । यसबाट जनतामा निहित सार्वभौम सत्ता सहित नागरिक सर्वोच्चताको नयाँ युग प्रारम्भ भएको छ, जहाँ सत्ताको स्रोत र स्वामित्व जनतामै निहित रहने स्पष्ट सन्देश स्थापित भएको छ ।

दोस्रो, **अन्तरिम नागरिक सरकारको गठनः** जेन-जी विद्रोहपश्चात सर्वदलीय सहमतिमा नागरिक समाज, युवा प्रतिनिधि र स्वतन्त्र विज्ञहरूको सहभागितामा अन्तरिम नागरिक सरकार गठन भएको छ । यो सरकार संस्थागत भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही शासनको अभ्यासतर्फको पहिलो कदम हो । यसले राज्यसत्ता पुनः नागरिकको स्वामित्वमा फर्काउने सङ्क्रमणकालीन संरचना निर्माण गरेको छ ।

तेस्रो, **न्यायिक जाँचबुझ आयोगको स्थापनाः** विद्रोहका क्रममा राज्यद्वारा गरिएका दमन, हिंसा र हत्याका घटनाको सत्य अन्वेषण तथा दोषीमाथि कारबाहीका लागि स्वतन्त्र न्यायिक जाँचबुझ आयोग गठन भइसकेको छ । यस आयोगले पीडित परिवारको आवाजलाई न्यायिक प्रक्रियाको केन्द्रमा राख्ने र राज्यद्वारा गरिएका अपराधलाई न्यायको कठघरामा उभ्याउने ऐतिहासिक कार्य आरम्भ गरेको छ ।

चौथो, **सामाजिक संवाद र नागरिक सहभागिताको पुनर्जागरणः** यो विद्रोहले लामो समयदेखि मौन बनेको नागरिक समाजलाई पुनः सक्रिय बनाएको छ । विश्वविद्यालय, सडक, सञ्चारमाध्यम, कला र डिजिटल मञ्चहरूमा विचार, विमर्श र प्रतिरोधको नयाँ संस्कार जन्मिएको छ । जनताले फेरि आफ्नो आवाजलाई मूल्यवान ठान्न थालेका छन् । यो लोकतन्त्रको आत्माको पुनर्जागरण हो ।

पाँचौं, **डिजिटल स्वतन्त्रता पुनर्स्थापनाको प्रारम्भः** विद्रोहको प्रत्यक्ष दबाबका कारण सरकारले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता लिएको छ । अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको नियन्त्रण र प्रतिबन्ध हटाइँदा नागरिक र राज्यबीचको संवाद पुनःस्थापित भएको छ । यो उपलब्धि सूचना युगको नेपालका लागि ऐतिहासिक मोड हो, जसले डिजिटल अधिकारलाई मौलिक हकको अभिन्न अङ्गको तहमा पुर्‍याउने बाटो खोलेको छ ।

छैटौं, **भ्रष्टाचार र अवैध सम्पत्तिविरुद्ध प्रारम्भिक कारबाही**: विद्रोहको भ्रष्टाचार विरोधी नाराले जनस्तरमा अभूतपूर्व दबाब सिर्जना गऱ्यो । त्यसकै प्रभावमा राज्यका विभिन्न निकायमा अघिल्लो सरकारको दबाबमा रोकिएका छानबिन र अनुसन्धान पुनःसञ्चालित भएका छन् । पद र पहुँचको बलमा कानूनी प्रक्रियाबाट उम्किँदै आएका केही राजनीतिकर्मीहरूमाथि कारबाहीका प्रक्रिया सुरु भएका छन् । यद्यपि यो सुरुवात मात्रै हो । यसले राज्यको मृतप्रायः कानूनी संयन्त्रलाई पुनः सक्रिय पार्ने दिशा देखाएको छ ।

सातौं, **राजनीतिक चेतनाको नयाँ युगको आरम्भ**: सबैभन्दा गहिरो उपलब्धि भनेको जेन-जी युवा पुस्तामा विकसित राजनीतिक चेत हो । यो चेत केवल विरोधको होइन, निर्माणको चेत हो । जेन-जी पुस्ताले सत्ता परिवर्तन होइन, शासन संस्कारको रूपान्तरणलाई आफ्नो लक्ष्य बनाएको छ । अहिले विश्वविद्यालय, नागरिक समूह र स्थानीय तहसम्म युवाहरूले "नागरिक नेतृत्व" र "उत्तरदायी शासन" को अवधारणालाई व्यवहारमा उतार्न थालिसकेका छन् ।

यसरी, जेन-जी विद्रोहले देशमा निराशालाई चेतनामा, मौनतालाई आवाजमा र अपमानलाई अस्मितामा रूपान्तरण गरेको छ । यी तत्कालीन उपलब्धिहरू कुनै आन्दोलनको अन्त्य होइनन् । यी त सुरुवाती ईँटा हुन्, जसको माथि नयाँ लोकतान्त्रिक गणराज्यको दीर्घकालीन भवन निर्माण हुनेछ । अब हाम्रो कार्य यो सुरुवातलाई संस्थागत बनाउन, प्राप्त उपलब्धिलाई स्थायित्व र न्यायमा रूपान्तरण गर्न र नागरिक सर्वोच्चताको यो यात्रा अझ गहिरो र सुदृढ बनाउनतिर उन्मुख हुनु हो ।

## भाग ५: समस्या र चुनौती

जेन-जी विद्रोहले नेपालको राजनीतिक र सामाजिक परिदृश्यमा परिवर्तनको सम्भावना खोल्दा पनि यसको दीर्घकालीन सफलताका लागि गहिरा र बहुआयामी समस्या तथा चुनौतीहरू विद्यमान छन् । यी चुनौतीहरूलाई हामीले स्पष्ट रूपले चिन्नु र तिनका विरुद्ध व्यावहारिक नीति तथा संरचनात्मक उत्तरदायित्व स्थापित गर्नु अनिवार्य छ । मुख्य चुनौतीहरूलाई विभिन्न आयामबाट केलाउन सकिन्छः

### १. संस्थागत प्रतिरोध र यथास्थितिवादी शक्तिहरूः

**क. पुरानो राजनीतिक संरचनाको पकडः** नेपालको शासन सत्तामा दशकौँदेखि जरा गाडेका राजनीतिक दलहरू र तिनका नेतृत्वपंक्तिले सजिलै आफ्नो शक्ति र प्रभाव छाड्न चाहँदैनन् । जेन-जी विद्रोहले ल्याएका परिवर्तनहरूलाई उनीहरूले विभिन्न बहानामा कमजोर पार्ने वा आफ्नो स्वार्थअनुकूल मोड्ने प्रयास गर्न सक्छन् । उनीहरूले नयाँ शासन संस्कार र जवाफदेही संस्थाहरूलाई कमजोर पार्न, आफ्नो स्वार्थ अनुरूप मोड्न र विद्रोहलाई अवैधानिक र अस्थिर ठहऱ्याउन विभिन्न उपाय अपनाउन सक्छन् । यसैमा विस्थापित पुराना शक्तिको चलखेललाई समेत ध्यानमा राख्नु आवश्यक छ ।

**ख. संस्थागत भ्रष्टाचारको जडः** भ्रष्टाचार, नातावाद र कृपावाद राज्य संरचनाभित्र गहिरो रूपमा संस्थागत भई जरा गाडिसकेका छन् । नयाँ संयन्त्र र कानूनी प्रणाली स्थापना गर्दा ती पुराना सम्बन्ध र सञ्जालले सक्रिय प्रतिरोध गर्ने सम्भावना छ ।

**ग. कर्मचारीतन्त्रको अड्चनः** सरकारी प्रशासन र कर्मचारीतन्त्रमा पनि पुरानै ढर्राको सोच र कार्यशैली हावी छ । उनीहरूको पुरानो मनोवृत्ति र निर्णय प्रक्रियाको जटिलताप्रतिको लगावले सुधारलाई सुस्त पार्नेछ । कर्मचारीतन्त्रलाई पारदर्शी र जवाफदेही बनाउन लामो समय लाग्ने र विभिन्न आन्तरिक तथा बाह्य दबाबको सामना गर्नुपर्ने हुन्छ ।

**घ) संवैधानिक बाटोः** यही संविधानको बाटो हिंडेर, यही संविधानलाई सुदृढ गर्ने चुनौती हामीमा छ । यो संविधानमा हामीले चाहेका परिवर्तन गर्नका निम्ति यही संविधान मातहत रहेर चुनाव गर्नुपर्ने अवस्था छ ।

### २. जेन-जी विद्रोहको आन्तरिक व्यवस्थापन र दिगोपनः

**क. नेतृत्वको चुनौतीः** यस विद्रोह कुनै एक व्यक्ति, दल वा समूहको नेतृत्वमा नभई सामूहिक जेन-जी पुस्ताको चेतनाबाट जन्मेको हो । तसर्थ, यसलाई दीर्घकालीन रूपमा कसरी सङ्गठित गर्ने, कसरी नेतृत्व स्थापित गर्ने, कसरी सम्बद्ध सबै पक्षको सहभागितामा निर्णय प्रक्रियालाई समावेशी र प्रभावकारी बनाउने

भन्ने चुनौती छ । साथै, नेतृत्व अभावमा आन्दोलन छरिन सक्ने वा यसको ऊर्जा कमजोर हुन सक्ने खतरा रहन्छ ।

**ख. उद्देश्य र कार्यनीतिको स्पष्टताः** विद्रोहका एजेन्डाहरू सिमित र स्पष्ट भएतापनि तीमध्ये कुनलाई प्राथमिकता दिने र कसरी कार्यान्वयन गर्ने भन्नेमा स्पष्ट कार्यनीति र रणनीति बनाउनु चुनौतीपूर्ण छ । हाल विभिन्न समूहमा छरिएका जेन-जीलाई एक ठाउँमा ल्याई तात्कालिक सुधार र दीर्घकालीन संरचनागत परिवर्तनका कार्यमा एकमत स्थापित गर्नु कष्टकर देखिँदैछ । अहिले पनि पुराना शक्तिहरू विद्रोहमा आ-आफ्नै मत घुसाउन र जेन-जीलाई एकीकृत हुन नदिनका लागि यथाशक्य प्रयास गरिरहेकै छन् ।

**ग. युवा सहभागिताको निरन्तरताः** विद्रोहको समयमा सडकदेखि सामाजिक सञ्जालसम्म देखिएको युवा सहभागिता र उत्साहलाई निरन्तर कायम राख्नु पनि चुनौतीपूर्ण छ । युवा पुस्तासँगै आम जनतामा निराशा आउन नदिन र सबैको आशा कायम राख्न विद्रोहले आफ्ना गतिविधि र उपलब्धिलाई प्रभावकारी रूपमा सञ्चार गर्नुपर्छ ।

**घ. आर्थिक स्रोतको पारदर्शिताः** विद्रोहको आर्थिक व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउनु महत्त्वपूर्ण छ । कुनै पनि बाह्य वा भित्री शक्तिबाट अपारदर्शी आर्थिक प्रभाव पर्न नदिन सतर्क रहनुपर्छ ।

३. <u>लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारका चुनौतीः</u>

डिजिटल प्लेटफर्मले अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई स्थापित गरेको भएतापनि गलत सूचना (disinformation), मिथ्या सूचना (misinformation) र घृणायुक्त अभिव्यक्ति (hate speech) को विस्तार पनि अर्को चुनौती हो । यसलाई कसरी नियन्त्रण गर्ने भन्नेमा विद्रोहले स्पष्ट धारणा बनाउनुपर्नेछ ।

४. <u>अन्तरिम नागरिक सरकारका सीमितता र निर्वाचनको चुनौतीः</u>

**क. अन्तरिम सरकारको प्रभावकारिताः** जेन-जी विद्रोह पश्चात राज्यबिहिनताको अवस्थामा बनेको अन्तरिम नागरिक सरकारको कार्यक्षेत्र र शक्ति सीमित हुन सक्छ । यसले दीर्घकालीन नीतिगत परिवर्तनहरू ल्याउन नसक्ने र केवल सङ्क्रमणकालीन व्यवस्थापनमा मात्र सीमित हुनसक्ने जोखिम छ ।

**ख. निर्वाचनको निष्पक्षता र परिणामः** आगामी निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनु चुनौती देखिन्छ । पुरानै राजनीतिक शक्तिहरूले निर्वाचन प्रक्रियालाई प्रभावित पार्ने प्रयास गर्न सक्छन् तर निर्वाचनको परिणामले मात्र विद्रोहको एजेन्डालाई सम्बोधन गर्ने, स्थापित गर्ने भएकोले

यदि निर्वाचनले जनअपेक्षा पूरा गर्न सकेन भने फेरि निराशा बढेर देश थप सङ्कटतर्फ जानसक्छ भन्नेमा सचेत र जागरुक हुनु आवश्यक छ ।

## ५. न्यायिक छानबिन र दण्डहीनताको अन्त्यः

जेन-जी विद्रोहका क्रममा भएका हत्या, अङ्गभङ्ग, दमन तथा आगजनी, तोडफोड र लुटपाटका घटनाहरूको निष्पक्ष न्यायिक छानबिन गरी दोषीमाथि कारबाही गराउनु चुनौतीपूर्ण छ । शक्तिशाली व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउन राजनीतिक इच्छाशक्ति र संयन्त्रको स्वतन्त्रतालाई सम्मान गर्दै आवश्यक खबरदारी आवश्यक पर्छ ।

## ६. सामाजिक र सांस्कृतिक रूपान्तरणको जटिलताः

नेपाली समाजमा गहिरो रूपमा जरा गाडेका पितृसत्तात्मक, जातीय, वर्गिय, क्षेत्रीय र लैङ्गिक विभेदकारी र सिमान्तकारी संरचनाहरूलाई परिवर्तन गर्न लामो समय लाग्छ । विद्रोहले यी विषयहरूलाई आफ्नो एजेन्डामा समावेश गरे पनि व्यवहारमा रूपान्तरण ल्याउन सामाजिक चेतना र व्यवहारमा परिवर्तन आवश्यक छ ।

## ७. युवाको पलायनः

लाखौं युवाहरू रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । देशमा अवसर सिर्जना गर्न नसकेसम्म युवामा आशा जगाइराख्न र उनीहरूलाई देश निर्माणमा संलग्न गराउने वातावरणको सिर्जना गर्न सक्नु जेन-जी विद्रोहका लागि सदैव चुनौती रहिरहन्छ । दीर्घकालीन रूपमा युवालाई देशमै आशा जगाउने आर्थिक नीतिहरू, रोजगारी सिर्जना र उद्यमशिलता प्रवर्द्धन गर्न नसके विद्रोहको सामाजिक आधार कमजोर हुनेछ ।

## भाग ६: अबको ४ महिनाः जेन-जी विद्रोहको अपेक्षा र चुनौतीको कसीमा सरकार

जेन-जी विद्रोहपछि सुरु भएको यो अन्तरिम राजनीतिक यात्राको निर्णायक अध्याय अबको ४ महिनामा लेखिनेछ । यो राजनीतिक सङ्क्रमण हाम्रो परिक्षाको समय हो । हाम्रो मूल्य, प्रतिबद्धता र विश्वासको परीक्षण यही घडीमा हुनेछ । यही अवधिमा अन्तरिम नागरिक सरकारले विद्रोहका एजेन्डालाई संस्थागत अभ्यासमा रूपान्तरण गर्नुपर्नेछ । र यही अवधिमा प्रतिनिधि सभा निर्वाचनले देशको आगामी दशकको दिशानिर्देश गर्नुपर्नेछ । त्यसैले आगामी ४ महिना नेपालको इतिहासको सबैभन्दा संवेदनशील र निर्णायकमध्येको महिना हुनेछन् ।

पहिलो, यो अवधि **सङ्क्रमणलाई स्थायित्वमा रूपान्तरण गर्ने** जिम्मेवारीको समय हो । भाद्र २३-२४ को विद्रोहले जुन नैतिक र राजनीतिक वैधता निर्माण गऱ्यो, त्यसलाई संस्थागत संयन्त्र, कानूनी सुधार र व्यवहारिक नीतिमा परिणत गर्नु अहिलेको पहिलो काम हो । अन्तरिम नागरिक सरकारले संस्थागत भ्रष्टाचार नियन्त्रण, न्यायिक छानबिन, नागरिक स्वतन्त्रता र प्रशासनिक सुधारका आधारभूत कार्यलाई गति दिनुपर्छ । यदि यी सुधारहरूलाई गति र परिणाम दिइएन भने नागरिकको विश्वास पुनः खस्कनेछ र विद्रोहको ऊर्जा क्षीण हुनेछ ।

दोस्रो, निर्वाचनसम्मको यात्रा **स्वच्छ र पारदर्शी राजनीतिक अभ्यासको मापदण्ड** बन्नुपर्छ । पुराना दल र शक्तिहरूले फेरि पनि सत्ता फिर्ता ल्याउने प्रयत्न गर्नेछन् । त्यसैले निर्वाचनलाई प्रतिस्पर्धाको मात्र नभई मूल्यको युद्धका रूपमा बुझ्नुपर्छ । यो निर्वाचनले कुन अनुहार आउने वा नआउने भन्ने सँगसँगै कुन मूल्य जित्ने वा हार्ने भन्ने निर्णय गर्नेछ । त्यसैले यस विद्रोहले मतदान केवल अधिकार होइन, उत्तरदायित्व हो भनी सबै नागरिकमा राजनीतिक सचेतना र मतदाताको नैतिक जिम्मेवारीको भावना जगाउनु आवश्यक छ ।

तेस्रो, **स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन** सुनिश्चित गर्नु हाम्रो साझा कर्तव्य हो । अन्तरिम सरकार, निर्वाचन आयोग, नागरिक समाज र सुरक्षासंयन्त्र सबैको दायित्व स्पष्ट हुनुपर्छ । मतदान केन्द्रसम्म प्रत्येक नागरिक निडर रूपमा पुग्न सक्ने र कुनै शक्ति वा धम्कीले उसको निर्णय प्रभावित नगर्ने सुनिश्चितता गरिनुपर्छ । विद्रोहको मूल्यमा अडिएको युवा पुस्ताले निर्वाचनको हरेक चरणमा निगरानी र जनचेतनामूलक अभियान सञ्चालन गर्नेछ । यो विद्रोह अब सडकमा मात्र नभएर मतदान केन्द्रमा पनि निरन्तर रहनेछ । अब सार्वभौम मतमार्फत् शासन-संस्कारलाई रूपान्तरण शुरू हुनेछ ।

चौथो, **नयाँ राजनीतिक नेतृत्व र दृष्टिकोण** जन्माउने अवसर यही निर्वाचनले दिनेछ । पुरानो राजनीतिक संरचनाको हालीमुहाली तोड्न, जवाफदेही नागरिक नेतृत्व उदाउन र नीतिगत सोचमा नयाँ पुस्ताको उपस्थिति सुनिश्चित गर्न यो निर्वाचन निर्णायक मोड हो । यस निर्वाचनले त्यस्ता पक्षलाई जिताउनुपर्नेछ

जसले राजनीतिमा सत्ता होइन, सेवा देखेछ । सतही भाषण होइन, दृष्टिकोण दिनेछ । र जनताको विश्वासलाई शासनको केन्द्रमा राखेछ ।

पाँचौं, अबको ४ महिनामा विद्रोहले **सङ्गठित संरचना र वैचारिक स्पष्टता** दुवै सुदृढ गर्नुपर्नेछ । सडकको ऊर्जा संस्थागत सङ्गठनमा रूपान्तरण हुनुपर्नेछ । भावनात्मक आवेग नीति र दृष्टिकोणमा परिणत हुनुपर्नेछ । युवाले विश्वविद्यालयदेखि गाउँसम्म नागरिक संवादका मञ्चहरू सिर्जना गरी राजनीतिक साक्षरताको अभियान चलाउनुपर्छ । यो समय देशले पहिलो पटक सच्चा नागरिक सरकारको कल्पनालाई व्यवहारमा उतार्ने तयारीको हो ।

अन्ततः आगामी ४ महिना केवल विद्रोहको भविष्य होइन, देशको भविष्य लेख्ने समय हो । यो अवधि भित्र विद्रोहले सिद्ध गर्नुपर्छ कि परिवर्तन केवल विरोधबाट होइन, जिम्मेवारीबाट सम्भव हुन्छ । हाम्रो राजनीतिक नैतिकता नारामा मात्र नभई व्यवहारमा समेत जीवित रहनेछ । यदि हामीले यो ४ महिनाको यात्रालाई संयम, स्पष्टता र दृढतासँग अघि बढायौं भने फागुन २१ को बिहान मतदानको मात्र नभई नागरिक सर्वोच्चताको युगको जन्मको बिहान हुनेछ ।

# भाग ७: लक्ष्य र गन्तव्य

जेन-जी विद्रोहको उद्देश्य देशमा सुशासन, राजनीतिक उत्तरदायित्व, पारदर्शिता र नागरिक सर्वोच्चताको पुनर्स्थापना हो । यसका लागि लामो सुधार र पुनर्निर्माणको प्रक्रिया आवश्यक छ ।

## १. मूल लक्ष्य

- राज्य र सरकार नागरिकका लागि, नागरिकबाट र नागरिकप्रति उत्तरदायी बनाउने ।
- संविधानको मर्म र कानूनी शासनलाई व्यवहारमा लागू गर्ने ।
- न्याय, समानता र अवसरका आधारमा नयाँ राजनीतिक संस्कार विकास गर्ने ।

## २. तात्कालिक कार्यसूची (४ महिनाभित्र)

- भाद्र २३-२४ का घटनाबारे स्वतन्त्र र निष्पक्ष छानबिन र त्यसका सिफारिश तत्काल लागू गर्ने।
- सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति लागू गर्ने ।
- स्वतन्त्र र भयमुक्त निर्वाचन सुनिश्चित गर्ने, मतदाताको अधिकार, मतगणनाको पारदर्शिता र निष्पक्ष पर्यवेक्षण ग्यारेन्टी गर्ने ।

## ३. मध्यम अवधिका लक्ष्य (२-५ वर्ष)

- न्यायपालिका, अनुसन्धान निकाय र निर्वाचन आयोगको पूर्ण स्वतन्त्रता सुनिश्चित गर्ने ।
- आर्थिक नीति युवामुखी बनाउने, रोजगार, उद्यम र उत्पादनलाई प्राथमिकता दिने ।
- शिक्षा र स्वास्थ्यमा सुधार र डिजिटल पहुँच विस्तार गरी नागरिक सचेतना र दक्षता बढाउने ।
- संस्थागत भ्रष्टाचार नियन्त्रणका लागि ठोस कानूनी संयन्त्र र सम्पत्ति शुद्धिकरण अनुसन्धान प्रक्रिया स्थापना गर्ने ।

## ४. दीर्घकालीन लक्ष्य

- स्थानीय र प्रदेश तहलाई सबलीकरण र सुदृढ गरी संघ-प्रदेश-स्थानीय सम्बन्धमा सन्तुलन ल्याउने ।
- सामाजिक समानता र समावेशिता सुनिश्चित गर्ने, जात, वर्ग, लिङ्ग, क्षेत्र लगायत सबै प्रकारका विभेद अन्त्य गर्ने ।
- पारदर्शी शासन, स्वतन्त्र प्रेस र नागरिक अनुगमनलाई संस्थागत बनाउने ।

## ५. कार्यान्वयन र जवाफदेहीता

- प्रत्येक नीतिको स्पष्ट समयसीमा र प्रगति प्रतिवेदन सार्वजनिक गर्ने ।

- नागरिक समाज, युवा र स्वतन्त्र विशेषज्ञको सहभागितामा नीति अनुगमन संयन्त्र गठन गर्ने ।
- सार्वजनिक पद र अख्तियार दुरुपयोग प्रमाणित हुने सबै व्यक्तिलाई कानूनी कारबाहीको दायरामा ल्याउने ।

## भाग ८: साझा जिम्मेवारीका लागि आह्वान

यो विद्रोहमा कुनै एक व्यक्ति, समूह, सङ्गठन वा दलको स्वामित्व नरहेकाले सम्पूर्ण नागरिक चेतनाको राजनीतिक पुनर्जागरण हो । परिवर्तनको दिशा स्पष्ट छ तर त्यसलाई संस्थागत बनाउन सबै वर्ग र क्षेत्रको सक्रिय सहभागिता अनिवार्य छ । त्यसैले हामी निम्न सबै शक्तिहरू र समुदायहरूमा प्रत्यक्ष आह्वान गर्दछौं:

### १. राजनीतिक दल र नेतृत्व वर्गलाई

दलहरूले अब पुस्ता परिवर्तनको निर्णय गर्नुपर्छ । पुराना संरचनामा प्रतिनिधिमूलक एक दुई नयाँ अनुहारको प्रतिनिधित्व गराएर मात्र परिवर्तन सम्भव छैन । जेन-जी पुस्तालाई चुनावी प्रतिस्पर्धामा प्रवेश दिने नीति बनाउन अब ढिलो गर्न मिल्दैन । हामी आह्वान गर्छौं कि हरेक दलले युवा उम्मेदवारलाई प्रत्यक्ष टिकट प्रदान गरोस् । दलभित्र निर्णय तहमा युवाको सहभागिता सुनिश्चित गरोस् र नेतृत्वमा पीढीगत सन्तुलन ल्याओस् । राजनीतिक दलले अब जेन-जीलाई भविष्यका होइन, वर्तमानका नेताका रूपमा स्वीकार गर्नुपर्छ ।

### २. जेन-जी र युवालाई

अब आफ्नो अधिकार प्रयोग गर्ने समय आएको छ । यो राजनीतिक स्थान माग्ने होइन, दाबी गर्ने समय हो । हामीले मतदातामात्र होइन, प्रतिनिधि बन्नुपर्नेछ । निर्वाचनमा उम्मेदवारी घोषणा गर्न, नीति बहसमा भाग लिन र संस्थागत सुधारमा नेतृत्व लिन हामी स्वयं अघि बढ्नुपर्छ । अब आन्दोलन, बहस र व्यवस्थापनको तीनै क्षेत्रमा जेन-जीको उपस्थिति अपरिहार्य छ । देश अब हाम्रो नेतृत्वको प्रतीक्षामा छ । हामी जेन-जी हौं ! हामीसँग आशा छ । असीमित ऊर्जा र यो देशलाई बदल्ने अटल सपना छ। अबको ४ महिना र आउने निर्वाचन हाम्रो परीक्षा मात्र होइन, यो हाम्रो पुस्ताले आफ्नो भविष्य आफैं लेख्ने ऐतिहासिक अवसर हो। हामी राजनीतिक दर्शक होइनौं, इतिहास रच्ने पुस्ता हौं । र हाम्रो भविष्यका शिल्पकार हौं । तसर्थ, हामी यो परीक्षामा सफल भएरै छाड्नेछौं । ताकि हाम्रा सन्ततिले हामीलाई हर्षका साथ धन्यवाद भन्न सकून् र हामीले सगौरव स्वागत भन्दै मुस्कुराउन सकियोस् ।

### ३. नागरिक समाज र मानवअधिकार समुदायलाई

नयाँ पुस्तालाई “भोलिका नेता” भनेर प्रतीक्षा गर्ने सोच अब पुरानो भयो । उनीहरू आजका निर्णयकर्ता हुन् । त्यसैले नागरिक समाजले युवालाई सघाउने नभई उनीहरूसँग सहकार्य गर्ने संरचना निर्माण गर्नुपर्छ । नीति संवाद, अनुसन्धान, र जनचेतनाका क्षेत्रमा जेन-जीको आवाजलाई संस्थागत सहभागिता दिलाउन हामी सबै प्रतिबद्ध हुनुपर्छ ।

## ४. सञ्चारमाध्यम र पत्रकारहरूलाई

मिडियाले अब जेन-जीलाई “अनुभवहीन” वा “अपरिपक्व” पुस्ता भनेर सीमित गर्नुहुँदैन । तथ्य, विचार र कार्यदक्षताका आधारमा मूल्याङ्कन गर्नुपर्छ । उमेरका आधारमा होइन । सञ्चारमाध्यमले युवाको विचारलाई प्लेटफर्म दिनुपर्छ । बहसको केन्द्रीय विषय बनाउनुपर्छ । र सार्वजनिक निर्णयमा युवाको भूमिकालाई सम्मानपूर्वक चित्रित गर्नुपर्छ । सत्य र निष्पक्षतामा अडिएको मिडिया लोकतन्त्रको मेरुदण्ड हो । अब त्यो मेरुदण्ड नयाँ पुस्ताको साहससँग जोडिनुपर्छ ।

## ५. शिक्षक, प्राध्यापक र बौद्धिक समुदायलाई

देशको नेतृत्व गर्ने खास तयारी अब राजनीतिक दल भित्र नभई शिक्षण संस्था र विश्वविद्यालयहरूमा गर्नुपर्नेछ । शिक्षक प्राध्यापकको अबको जिम्मेवारी युवालाई सशक्त, चेतनशील र सिर्जनशील बनाउने हो । ज्ञान, मूल्य र दृष्टिकोण बाँडेर नयाँ पुस्तालाई नीति, अनुसन्धान र शासनको तयारी गराउने समय यही हो । विश्वविद्यालय र बौद्धिक क्षेत्रले अब नीति संवाद र राष्ट्रिय सोचको प्रयोगशाला बन्नुपर्छ ।

## ६. सरकारी कर्मचारी र प्रशासनिक निकायलाई

राज्यको सेवा नागरिकका लागि हो, दलका लागि होइन । प्रशासनमा काम गर्ने सबै अधिकारीहरूले आफ्नो भूमिका निष्पक्ष, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक छ । नयाँ पुस्तासँग सहकार्य गर्न सक्ने संस्थागत खुलापन र सेवा सुधार नीति अपनाउनुपर्छ । कर्मचारीतन्त्रले नागरिक केन्द्रित प्रशासनिक सुधारलाई प्राथमिकता दिनुपर्नेछ ।

## ७. व्यवसायिक समुदाय, उद्यमी र श्रमिक वर्गलाई

देशको आर्थिक दिशा स्थायित्वमा निर्भर छ । त्यो युवाको सहभागिताबिना सम्भव छैन । उद्यम र रोजगारका क्षेत्रमा नयाँ पुस्तालाई पहुँच र अवसर दिलाउन निजी क्षेत्र अग्रसर बन्नुपर्छ । न्यायोचित श्रम सम्बन्ध, पारदर्शी लगानी वातावरण र राष्ट्रिय उत्पादनमा युवाको भूमिका बढाउने साझा पहल अब अपरिहार्य छ ।

## ८. कलाकार, लेखक र इन्फ्लुएन्सर्सलाई

सांस्कृतिक चेतनाको भूमिकाले राजनीतिक रूपान्तरणमा गहिरो प्रभाव पार्छ । हाम्रो समाजमा कलाकार, लेखक र सामाजिक सञ्जालका इन्फ्लुएन्सर्सको अभिव्यक्ति र प्रभाव मनोरञ्जनका लागि मात्र नभई सामाजिक चेतनाको प्रसारका लागि प्रयोग हुँदै आएको छ । अब त्यस माध्यमबाट देशभित्र आत्मविश्वास, सहअस्तित्व

र साझा जिम्मेवारीको सन्देश फैलाउन आवश्यक छ । त्यो आवाजले विभिन्न पुस्ताहरूलाई जोडेर राष्ट्रको दिशा सुदृढ पार्न सक्छ ।

## ९. प्रवासी नेपाली समुदायलाई

विदेशमा रहेका नेपालीलाई आजसम्म केवल श्रमआप्रवासीका रूपमा हेरिँदै आएको छ । उनीहरू खासमा नेपालको आर्थिक, सामाजिक र कूटनीतिक शक्ति बन्नुपर्ने हो । देशको अर्थतन्त्रमा उनीहरूले पठाउने वैदेशिक आम्दानीले महत्वपूर्ण योगदान दिएको सत्यलाई नकार्न सकिँदैन । तर अब प्रवासी समुदायको भूमिका रेमिट्यान्सको सीमित अवधारणाभन्दा पर जानुपर्छ । विश्वका विश्वविद्यालय, उद्योग र संस्थाहरूमा कार्यरत नेपालीले सङ्कलन गरेको ज्ञान, सीप र अन्तर्राष्ट्रिय अनुभवलाई राष्ट्रको नीति निर्माण, प्रशासनिक सुधार र विकासको ढाँचामा रूपान्तरण गर्न सक्ने क्षमता राख्छन् ।

त्यसैले अब राज्य र समाज दुवैले प्रवासी नेपालीलाई राष्ट्रिय पुनर्निर्माणका सहकर्मीका रूपमा स्वीकार गर्नुपर्छ । नेपाल फर्केर मात्र होइन जहाँ छन् त्यहींबाट पनि उनीहरूले नीति सुधार, पारदर्शिता र सुशासनको पक्षमा आवाज उठाउन सक्छन् । प्रवासी समुदायले नेपालको अन्तर्राष्ट्रिय छवि सुदृढ पार्ने, लगानीमैत्री वातावरण प्रवर्द्धन गर्ने र प्राविधिक सहयोग र अनुसन्धानको माध्यमबाट राष्ट्रिय उत्पादन क्षमतामा योगदान पुर्‍याउने अवसरहरू पहिचान गर्नुपर्छ । नेपालले अब आफ्नो प्रवासी समुदायलाई भावनात्मक सम्बन्धका प्रतीकका रूपमा मात्रै नभई संस्थागत सहकार्यका साझेदारका रूपमा लिनुपर्छ । देशभित्रको जेन-जी पुस्ता र देशबाहिरको प्रवासी पुस्ता दुवै मिलेर आधुनिक, आत्मनिर्भर र न्यायपूर्ण नेपाल निर्माणको साझा यात्रामा अघि बढ्नुपर्नेछ ।

## १०. सम्पूर्ण नेपाली नागरिकलाई

नागरिक सर्वोच्चताको युगमा अब राष्ट्रको रूपान्तरण प्रत्येक नागरिकको सचेत सहभागिताको परिणाम हो । देशको दिशा परिवर्तन गर्न सबै नागरिकको सक्रिय र अर्थपूर्ण सहभागिता आवश्यक छ । नागरिकको कर्तव्य केवल मतदानमा सीमित नभई शासनप्रति प्रश्न सोध्नु, सार्वजनिक नीतिमा विचार राख्नु, भ्रष्टाचार र अन्यायविरुद्ध आवाज उठाउनु र हरेक निर्णय प्रक्रियामा सक्रिय रूपमा उपस्थित रहनु पनि हो । राष्ट्रको स्थायित्व नागरिकको संलग्नतामा निहित हुन्छ । जब नागरिक मौन रहन्छ, सत्ता एकाधिकारतर्फ बिस्तारै ढल्किन्छ । जब नागरिक सचेत रहन्छ, सत्ता जवाफदेही बन्छ । त्यसैले अब प्रत्येक नेपालीले आफ्नो अधिकारसँगै कर्तव्य र जिम्मेवारी पनि समान निष्ठाका साथ निर्वाह गर्नुपर्छ ।

देशलाई परिवर्तन गर्ने शक्ति कुनै बाह्य हस्तक्षेपमा नभई नागरिक भित्रै लुकेको छ भन्ने तथ्य यस विद्रोहले पुष्टि गरिसकेको छ । अब त्यो शक्ति निर्णयका तहमा, नीति निर्माणका प्रक्रियामा र स्थानीय शासनका अभ्यासमा प्रयोग गर्नुपर्छ । लोकतन्त्र स्थिर हुन, गणतन्त्रको मूल मर्मलाई पर्गेल्न, राज्य

उत्तरदायी बन्न र शासन न्यायसङ्गत हुन नागरिकको निरन्तर सहभागिता अपरिहार्य छ । नेपालको भविष्य अरू कसैले लेखिदिने छैन। त्यो हामीले लेख्नुपर्छ । आजै लेख्नुपर्छ । यहीं लेख्नुपर्छ । यही पुस्ताबाटै लेखिनुपर्छ । अब जेन-जीको नेतृत्व र सम्पूर्ण नागरिकको साथ, सहयोग, हौसला र सहभागिताबाटै राष्ट्रको नयाँ अध्याय सुरु हुनेछ ।

**धन्यवाद !**